कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

सल्यान

पत्र सं. २०८१/०८२ मिति २०८१/१२/१९

चलानी नं: ४६१

विषयः सूचना टाँस गरि सो को जानकारी पठाई दिने सम्वन्धमा ।

श्री शारदा नगरपालिकाको कार्यालय, खलंगा, सल्यान।

श्री बागचौर नगरपालिकाको कार्यालय, बागचौर, सल्यान।

श्री बनगाडकुपिन्ड़े नगरपालिकाको कार्यालय, बनगाडकुपिण्डे, सल्यान।

श्री कपुरकोट गाउँपालिकाको कार्यालय, कपुरकोट, सल्यान।

श्री त्रीवेणि गाउँपालिकाको कार्यालय, लुहाम, सल्यान।

श्री छत्रेश्वरी गाउँपालिकाको कार्यालय, भोटेचौर, सल्यान।

श्री सिद्ध कुमाख गाउँपालिकाको कार्यालय, ढोरचौर, सल्यान।

श्री कुमाख गाउँपालिकाको कार्यालय, रागेचौर, सल्यान।

श्री कालिमाटि गाउँपालिकाको कार्यालय, कालिमाटि, सल्यान।

श्री दार्मा गाउँपालिकाको कार्यालय, दार्मा, सल्यान।

उपरोक्त सम्वन्धमा यस कार्यालयको आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार **बाँझो जमिनमा तरकारी तथा अन्य खेती कार्यक्रम सम्बन्धी सूचना थान-१**, यसै पत्र साथ संलग्न राखि पठाईएको छ। सो सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरि सोको जानकारी यस कार्यालयमा पठाई दिनु हुन अनुरोध गरिन्छ ।

महेश आचार्य

नि. कार्यालय प्रमुख



Scanned with CamScanner

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

सल्यान

पत्र सं. २०८१/०८२ मिति २०८१/१२/१९

सूचना नं:२७

## कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना !

सूचना प्रकाशित मितिः २०८१/१२/१९

यस कार्यालयको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत तपसिल अनुसारका कार्यक्रम सञ्चालनका लागि अनुदान रकम उपलव्ध गराउने कार्यक्रम रहेको हुँदा जिल्लाका इच्छुक कृषि फर्म/कृषक समूह/ कृषि सहकारी संस्थाहरूवाट दरखास्त आव्हान लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र (मिति २०८१/०१/०७ गतेका दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) तपसिल अनुसारका कागजातहरू संलग्न राखी कार्यालय समयमा आवश्यक कागजात संलग्न राखी आवेदन पेश गर्न सूचित गराइन्छ। म्याद नाघी वा रीत नपुगी प्राप्त हुन आएका निवेदन उपर कुनै कारवाही हुने छैन यस सम्बन्धी थप जानकारीका लागि कृषि विकास कार्यालय सल्यानको Website: www.adosalyan.gov.np हेर्न वा कार्यालयको फोन नं.०८८-५२०१३० मा सम्पर्क गर्न सकिने छ ।

तपसिलः

| क्र. सं. | आयोजना कार्यक्रमको नाम | वजेट रु. | कैफियत |
|---|---|---|---|
| १. | वाँझो जमिनमा तरकारि तथा अन्य खेती कार्यक्रममा अनुदान सहयोग | २ लाख ५० हजार | ➢ प्रस्तावित जमिन कम्तीमा ३ वर्ष वाँझो भएको हुनु पर्ने<br>➢ जग्गा लिजमा लिएको भए कम्तीमा १० वर्षे सम्झौता भएको प्रतिलिपि कागज हुनु पर्ने<br>➢ न्यूनतम ३ रोपनी भएको वाँझो जमिन व्यवसायिक खेती गर्नु पर्ने छ। |

आवश्यक कागजातहरुः

१. कृषि व्यवसाय गर्ने अनुसूची-५ बमोजिम निवेदन, अनुसूचि-६ बमोजिम प्रस्ताव तथा प्रतिबद्धता पत्र र दफा १९ को उपदफा १ मा अनुदान नलिएको स्वघोषणा पत्र।
२. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि।
३. प्रस्तावित जमिन विगत ३ वर्ष देखी बाँझो रहेको खुल्ने सम्वन्धित स्थानीय तहको सिफारिस पत्र।
४. कृषि समुह / सहकारीको हकमा कार्यक्रम माग गर्ने निर्णयको प्रतिलिपि।
५. गत आर्थिक वर्षको संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन प्रतिलिपि।
६. गत आर्थिक वर्ष सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण।
७. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने धनी प्रमाण पुर्जाको प्रतिलिपि।
८. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

महेश आचार्य
नि. कार्यालय प्रमुख



Scanned with CamScanner